**बागमती प्रदेश सभा**

**दोस्रो कार्यकाल**

**सातौं अधिवेश**

**बैठक संख्या-२**

**सूचनापत्र-२**

**(बैठकको कारबाही संक्षिप्त विवरण)**

**२०८३ बैशाख ६ गते, आइतवार**

बागमती प्रदेश सभाको आजको बैठक माननीय उपसभामुख श्री अपसरा चापागाईको अध्यक्षतामा दिनको १२:५७ बजे प्रारम्भ भयो।

सर्वप्रथम माननीय सभामुखले आजको बैठकमा शून्य समय नरहेको व्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात विशेष समयमा देहायका माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो:-

१. माननीय रामकृष्ण चित्रकार
२. माननीय भुवनकेशरी श्रेष्ठ
३. माननीय वालकुमारी विश्वकर्मा
४. माननीय राजेन्द्र प्रजापति
५. माननीय रामकुमार पहाडी
६. माननीय उत्तम जोशी
७. माननीय समिता खड्गी
८. माननीय लक्ष्मी देवी श्रेष्ठ
९. माननीय उद्धव थापा
१०. माननीय रत्न प्रसाद ढकाल

तदुपरान्त विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएको विभिन्न प्रश्नहरुको निम्नलिखित माननीय मन्त्रिहरुले जवाफ दिनुभयो:-

क. <u>माननीय भौतिक पुर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटा</u>:- चालु आ.व को विनियोजित कार्यक्रमहरु र बजेट कटौति यस मन्त्रालयबाट नभएको, दोहोरो रुपमा परेका कार्यक्रमहरु हटाइएको, मौसमजन्य घटनाहरुमा तत्काल राहत, उद्धार गर्न टिम तयार गरिएको, कुलेखानी, सिस्नेरी सडक खण्डमा डोजर र एक्जाभेटर खरिद गरी तयारी अवस्थामा राख्ने कार्य भैरहेको, जेन्जी आन्दोलनबाट क्षतिभएका भौतिक संरचना मर्मत कार्य भैरहेको, प्रदेश सरकारको प्रशासनिक संरचना तयार गर्न जग्गाको भोगाधिकार प्राप्त भएकोले डिपिआर तयार गर्ने कार्य गरेको, प्रदेश सडकलाई पर्यटन, कृषि लगायत आय आर्जनमा जोडन अध्ययन, परामर्श भएको लगायतका विषयमा जानकारी गराउनुभयो। यसैबीच माननीय शालिकराम जम्कट्टेलले माननीय मन्त्रीसँग प्रश्न गर्न समय माग गर्नुभयो। उहाँले भौतिकपूर्वाधार विकास मन्त्रालय अन्तर्गतका कार्यक्रममा बजेट कटौति भएको छ सो सम्बन्धमा स्पष्ट पार्न जवाफ माग गर्नुभयो।

त्यसपछि माननीय भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले भौतिक पूर्वाधार विकास मन्त्रालयले दोहोरो परेको कार्यक्रम मिलाइएको र मन्त्रालयलाई प्राप्त बजेटमा रकम घटेर आएको अवस्था भएकोले यस सम्बन्धमा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले थप स्पष्ट पार्नुहुनेछ भन्नुभयो।

ख. <u>माननीय वन तथा वातावरण मन्त्री भरत बहादुर के.सीः-</u> उहाँले वन डढेलो नियन्त्रण गर्न चाहिने सामान खरिद भएको, मन्त्रालयको क्षमता अनुसार नियन्त्रणको लागि प्रयास भएको, इच्छाकामना गाउँपालिकाको कवुलियती वनमा १३ वटा रुख कटान गरिएको त्यसबाट ९९ क्यू.फिट काठ २०८२/११/०५ गते बरामद भई संलग्न व्यक्तिहरुलाई खोजि कार्य भई हाल कानूनी प्रक्रिया अगाडी बढाइएको जानकारी गराउनुभयो।

ग. <u>माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङः-</u> चालु आ.व मा हाल सम्म राजस्वको ६२.५८ प्रतिशत प्राप्त भएको, खर्च तर्फ चालुतर्फ ३८ प्रतिशत र पुँजिगत तर्फ २३.०४ प्रतिशत गरी २८.७९ प्रतिशत खर्च भएको, चालु आ.व को सबै कार्यक्रममा बजेट कटौति भयो भन्ने विषयमा र यो अधिकार कसरी प्राप्त भयो भन्ने प्रश्नको सन्दर्भमा आर्थिक कार्यविधि ऐन,२०७४ को दफा १८ अनुसार प्रदेश सरकारलाई यस सम्बन्धमा अधिकार प्राप्त भएको, जेन्जी आन्दोलनको क्षति पछि निर्माण मर्मत कार्यमा बजेट व्यवस्थापन गर्न र प्राविधिक रुपमा ३७ वटा शिर्षकहरु मध्ये २० वटामा मात्र कार्यक्रम परेको र १७ वटा छुट भएकाले बजेट व्यवस्थापन गर्नुपरेको जानकारी गराउँदै छुट भएको कामको जिम्मा लिदै क्षमा चाहन्छु भन्नुभयो। संकल्प प्रस्ताव कार्यान्वयन गर्न बजेट तर्जुमा निर्देशिका मस्यौदा गरी सुझाव माग गरिएको, शुन्य बजेट कार्यक्रम कार्यान्वयन गर्न सकिने अवस्था नभएको, कटौती भएको कार्यक्रममा औचित्यपुष्टि भएर आएकोमा थप बजेट व्यवस्था गरिएको लगायतका विषयमा जानकारी गराउनुभयो।

यसैबीच माननीय शालिकराम जम्कट्टेलले स्पष्टिकरण माग गर्दै बजेट कटौति र प्रशासनिक पुर्न-संरचना समितिबाट आन्तरिक मामिला तथा कानून मन्त्रालय हटाउने गरी भएको प्रस्ताव सच्चाउन माग गर्नुभयो।

त्यसपछि माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले आफुले ऐन, नियम, कार्यविधि, मापदण्ड भन्दा बाहिर गएर काम गर्न नसक्ने, बजेट तर्जुमा मापदण्डमा सुझाव दिन अनुरोध गर्दै प्रदेश संरचनाबाट धेरै आर्थिक भार परेको भनाई प्रति सत्यता नभएको भनी संघ, प्रदेश र स्थानीय तहबाट भएको खर्च विवरण प्रस्तुत गर्नुभयो।

यसैबीच माननीय उद्धव थापाले स्पष्टिकरण माग गर्दै शून्य बजेट कार्यक्रममा परेको १६ सय मध्ये आफ्नो दलबाट ८० वटा कार्यक्रम मात्र रहेको जानकारी गराउदै, बजेट कार्यक्रममा यस पटक पनि झुक्याउने काम भएको, साथै संघमा सानो आकारको मन्त्रिमण्डल गठन भएको छ तर प्रदेश सरकारको संख्या ठुलो भएको भनाई राखुभयो।

बागमती प्रदेश सभा

दोस्रो कार्यकाल

सातौं अधिवेश

बैठक संख्या-२

सुचनापत्र-२

(बैठकको कारवाही संक्षिप्त विवरण)

२०८३ बैशाख ६ गते, आइतवार

त्यसपछि माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले विशेष समयमा प्रश्न गर्ने सवै माननीय सदस्यहरुलाई धन्यावाद दिदै बजेट तर्जुमा निर्देशिकामा सुझाव माग गर्नुभयो। साथै आफुले निर्देशिका, कार्यविधि बमोजिम गर्न सकिने काम गर्नेछु भन्नुभयो ।

घ. <u>माननीय कृषि तथा पशूपन्छि विकास मन्त्री मधु सुदन पौडेलः</u>- कृषि मल व्यवस्थापन सम्बन्धमा संघीय सरकार र सातै प्रदेशका कृषि तथा पशुपन्छि विकास मन्त्रीहरुको माघ १३ गते वर्दियामा छलफल भएको र संघीय सरकारबाट बागमती प्रदेशका लागि अनुमान गरिएको परिमाणमा १ लाख १३ हजार मेट्रिक टन थप गरी आयात गर्न पत्र दिइएको, प्रसाशनिक पुर्न-संरचना गर्न समिति निर्माण भएको, विज्ञ समितिबाट प्रतिवेदन प्राप्त भएको छ। सो प्रतिवेदनमा सुझाव दिन सबै दललाई प्रत्राचार भएकोले जानकारी गराउनुभयो।

ङ. <u>माननीय आन्तरीक मामिला तथा कानून मन्त्री शिवराज अधिकारीः-</u> गत वर्ष विपद्को रकम निकासा दिएको, पुर्न संरचना पश्चात आन्तरिक मामिला तथा कानून मन्त्रालय स्वतन्त्र रुपमा नरहन सक्ने जानकारी गराउदै, विपद्को लागि केहि सामान किन्न लागेको कमलामाई र त्रिपुरा सुन्दरीबाट सामान माग भएको, हेटौंडा, त्रिशुली बनेपामा मन्त्रलायको गोदाम रहेको छ। स्रोत साधनले भ्याए सम्म सामान पठाउने जानकारी गराउनुभयो।

तत्पश्चात् माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रभात तामाङले **"प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** दफावार छलफलका लागि अर्थ तथा विकास समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गर्नुभयो। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो।

त्यसपछि माननीय खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्री श्री कृष्ण कुमार तामाङले **"प्रदेश खानेपानी तथा सरसफाई सम्बन्धमा व्यावस्था गर्न बनेको विधेयक,२०८२"** दफावार छलफलका लागि अर्थ तथा विकास समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गर्नुभयो। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो।

तदनन्तर प्रदेश सभाको अर्को बैठक अर्को सूचना जारी नभएसम्मको लागी यो बैठक दिनको ३:०३ बजे स्थगित भयो।

रामकुमार पौडेल

सभा सचिव